
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क २१४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ साउन ३१ गते बिहीबार ❑ 15 Aug 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## योजना रकमान्तर गरेर भए पनि सक्छौं: मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, ३० साउन

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले ५० लाखसम्मका खानेपानीका योजनाहरु यसै बर्ष सकिने भएमा रकमान्तर गरेर भए पनि सरकारले उक्त योजनाहरु पुरा गर्ने बताउनु भएको छ।

बुधबार पोखरामा सम्पन्न भएको गण्डकी प्रदेशको प्रदेश बिकास समस्या समाधान समितिको नवौं बैठकमा बोल्दै उहाँले बजेट अभावले गर्दा समयमै उक्त योजनामा सम्पन्न गर्न नसकिएकोले ५० लाख सम्मका योजनाहरुलाई रकमान्तर गरेर भए पनि योजनाहरु पूरा गर्ने भएको बताउनु भएको हो । मुख्यमन्त्री पाण्डेको अध्यक्षतामा भएको उक्त बैठकमा प्रदेश सरकारले खानेपानीका योजनाहरुलाई प्रथामिकता दिदादिदै पनि प्रयाप्त बजेट अभावले गर्दा चालु आर्थिक बर्षमा खानेपानीका नयाँ योजनाहरु समेट्न भने नसकिएको उल्लेख गर्नु भयो । उहाँले भन्नु भयो "यस बिषयमा केही चिटिङ पनि भएको रैछ, खास १० देखि ३० लाखसम्मका खानेपानीका अधुरा योजनाहरु पूरा गर्ने गरी बजेट विनियोजन गर्ने गरी हामीले




निर्देशन दिएका थियौं तर यसमा न नयाँ योजना थप्न पाइयो न त पुराना योजनाहरु सम्पन्न हुने गरी एथेष्ट बजेट विनियोजन गर्न सकियो ।" प्रदेश सरकारले एक घर एक धारा अभियान पूरा गर्न निकै कठिन भएको भन्ने छलफलमा प्रशंग उठे पछि मुख्यमन्त्री पाण्डेले सरकारले सुरु गरेको अभियान कुनै हालतमा पूरा गर्नुपर्ने सरकारको दाहित्व भएको दाबी गर्दै प्रदेश सरकारको बजेट नभ्याउने अबस्थामा संघ सरकारसंग समन्वय गर्ने जनाउनु भयो । उहाँका अनुसार अझै प्रदेश सरकारले खानेपानीका १ हजार ९ सय वटा योजनाहरु पूरा गर्नुपर्ने दाहित्व रहेको छ । संघीय सरकारका मुख्य सचिव सहितको बैठकमा १५ वटा पालिकाका प्रमुख सहितको बैठक बसि एक्याप र एम क्यापका बिषयमा प्रदेश माताहातमा ल्याउनु पर्छ भनेर माग गर्दै आए पनि हालसम्म कुनै सुनुवाई नभएको मुख्यमन्त्री पाण्डेले बताउनु भयो । सम्बन्धित पालिकाहरुले समेत एक्याप र एम क्यापको बिषयमा जोडदार रुपमा प्रदेश माताहातमा ल्याउनु पर्छ भनेको अबस्थामा यस बिषयलाई संघ सरकारले कुनै चासो नदिए संवैधानिक अधिकारको लागि पनि प्रदेश सरकारले मुद्धा समेत हाल्न तयार रहेको मुख्यमन्त्री पाण्डेले जनाउनुभयो । राष्ट्रिय समस्या समाधानको बैठक तथा प्रदेश बिकास समस्या समाधान समितिको बैठकमा उक्त बिषयमा कुरा उठाउदै आएको सन्दर्भमा हालसम्म आफुहरुको माग सुनुवाई नभएको उहाँले गुनासो गर्नु भयो । यस बिषयमा रिट निवेदन समेत तयारी अबस्थामा रहेको बताउदै मुख्यमन्त्री पाण्डेले अघिल्लो सरकार पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारलाई बुझाए पनि हालको सरकारलाई यस बिषयमा जानकारी गराउने अवसर नमिलेको उहाँले उल्लेख गर्नुभयो । अहिलेको सरकारलाई यस बिषयमा जानकारी गराए पछि पनि अधिकारहरु प्राप्त नभएको खण्डमा अदालतसम्म जाने आफुहरु तयारी अबस्थामा रहेको मुख्यमन्त्री पाण्डेको भनाई छ । स्थानिय तहबाट अपिसियल रुपमा आएका योजना बैंक अर्न्तगत छनौट भएका योजनाहरुलाई प्रदेश सरकारले प्रथामिकता दिने उहाँले बताउनु भयो । उर्जा जलश्रोत तथा खानेपानी मन्त्रालयका सिनियर डिभिजन इन्जियर एवं प्रवक्ता हरिदत्त पौडेलले हाल सरकारले विनियोजन गरेको खानेपानीको बजेटको आधारमा अझै ७ बर्षमा पनि एक घर एक धाराको अभियान पूरा गर्न कठिन हुने दाबी गर्नु भएको थियो । कार्यक्रममा प्रदेशमा मन्त्रीहरु, प्रदेशका पालिका प्रमुख एवं उपप्रमुख, सुरक्षा निकायका प्रतिनिधि, पत्रकार सहितको सहभागिता रहेको प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटाले जनाउनु भयो ।

## सहकारीको रकम अपचलन गर्ने दुईजना पक्राउ

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, ३० साउन

स्याङ्जा सदरमुकाम पुतलीबजारको बाडखोलामा मुख्य कार्यालय रहेको सुर्योदय बचत तथा ऋण सहकारीको सेवा केन्द्रबाट रकम हिनामिना गर्ने दुईजना पक्राउ परेका छन् ।

बिरुवा गाउँपालिकामा रहेको सहकारीको सेवा केन्द्रका अध्यक्ष तारेन्द्र बहादुर केसी र मुक्तिनाथ विकास बैंक बिरुवा शाखाका कस्टमर सर्भिस बिभागमा कार्यरत कर्मचारी सन्ध्या भण्डारीलाई प्रहरीले पक्राउ गरेको हो । सहकारीको ३ करोड ६६ लाख रकम हिनामिना भएको भन्दै सहकारीका प्रमुख व्यवस्थापक ध्रुव नारायण श्रेष्ठ सहित बचतकर्ताको उजुरीका आधारमा प्रहरीले छानविन गर्दै आएको थियो । प्रहरीले दुईसाता अगाडि बिरुवा सेवा केन्द्रका व्यवस्थापक जीवन वाग्लेलाई नियन्त्रणमा लिएर अनुसन्धान गरेको थियो । वाग्लेको बयानका आधारमा प्रहरीले सेवा केन्द्रका अध्यक्ष केसी, सचिव सुर्यबहादुर कुँवर र मुक्तिनाथ बैंकका कर्मचारी भण्डारीलाई पक्राउ गर्न जिल्ला अदालतसगँ अनुमति मागेको थियो । अदालतको आदेश अनुसार केसी र भण्डारीलाई प्रहरीले पक्राउ गरि अनुसन्धान थालेको छ भने कुँवर फरार रहेका छन् । कुँवर हाल बिरुवा गाउँपालिकाका अध्यक्ष समेत हुन् । जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक इन्द्रबहादुर रानाका अनुसार केसी र भण्डारीलाई पक्राउ गरेको बताए । कुँवरको बिषयमा भने भन्न नमिल्ने भन्दै जानकारी दिन मानेन् । प्रहरीले जिल्ला अदालत सगँ गाउँपालिका अधयक्ष सहित ३ जनालाई पक्राउ गर्न अनुमति मागेको पत्र सार्वजनिक भएपनि प्रहरीले कुँवरको बिषयमा जानकारी दिन मानेन । पक्राउ पुर्जी व्याक्ति पक्राउ भएपछि मात्रै सार्वजनिक हुनुपर्नेमा अदालतलाई लेखिएको अनुमति पत्र कसरी बाहिरियो भन्ने बिषयमा छानविन भइरहेको सूचना अधिकारी रानाले बताए । अपराध वा ठगीमा संलग्न रहेका गिरोहलाई पक्राउ गर्दा गोप्य रहनुपर्ने पक्राउ पुर्जीको अनुमति पत्र बाहिरिनुले प्रहरीकै संलग्नतामा कुँवर भागेको आरोप सहकारी पिडितहरुले लगाएका छन् ।

## स्थानीय तहलाई सक्षम बनाउन प्रतिबद्ध छौं : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, ३० साउन

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले जनतासँग प्रत्यक्ष रुपमा जोडिने स्थानीय तहलाई सक्षम बनाउन प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

नेपाल नगरपालिका सङ्घद्वारा बुधबार आयोजित ' नगर सुशासन, वित्तिय अनुशासन र दिगो विकास' विषयक प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रममा उहाँले स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनुपर्नेमा जोड दिनुभयो । "संवैधानिक रुपमा कार्यसम्पादन गर्दा उत्साह बढ्नुका साथै गल्ती कमजोरीबाट बच्न सकिन्छ", उहाँले भन्नुभयो, "जनताका अपेक्षाअनुसारका विकास निर्माण कार्यलाई अघि बढाउँदै सुशासन कायम गर्न स्थानीय सरकार र सरोकारवालाबीच दोहोरो संवाद हुन आवश्यक छ ।" जनताका आवश्यकतालाई दृष्टिगत गर्दै योजना निर्माणलाई प्राथमिकतामा राख्नुपर्ने बताउँदै मुख्यमन्त्री पाण्डेले तीनवटै तहबीचको सहकार्य आवश्यक हुनेमा जोड दिनुभयो ।
महालेखा परीक्षक तोयम रायले कर्मचारीले कानुनसम्वत् कार्यसम्पादनमा चुक्न नहुने बताउँदै आवश्यकताअनुसार स्थानीय र प्रदेशस्तरमा तालिम दिन आफूहरू तयार रहेको बताउनुभयो । नेपाल नगरपालिका महासङ्घका अध्यक्ष भीमनिधि ढुङ्गानाको अध्यक्षतामा भएको कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग गण्डकी प्रदेश, महालेखा परीक्षक कार्यालय र खरिद तथा अनुगमन कार्यालयकोतर्फबाट कार्यपत्र प्रस्तुत गरिएको थियो । कार्यक्रममा गण्डकी प्रदेशअन्तर्गतका नगरप्रमुख, उपप्रमुख र प्रमुख कार्यकारी अधिकृतसहित ७५ जनाको सहभागिता थियो ।

## चाइनिज नागरिकसँग विवाह् गराएको आरोपमा एक विदेशी सहित पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, ३० साउन

चाइनिज नागरिकसंग पोखरामा बालिकालाई विवाह गराएको आरोपमा एक विदेशी सहित ३ जना पक्राउ पर्नु भएको छ ।

१४ वर्षकी एक किशोरीलाई उहाँका अभिभावकलाई जानकारी नदिई पोखराकी सरु बि.क. र भगवती अधिकारीले चाइना हुनान प्रान्तका ३१ बर्षका झि मिङ चेनसंग बिबाह गराएको आरोपमा उहाँहरुलाई प्रहरीले पक्राउ गरेको हो ।

मन्दिरमा लगेर विवाह गराई पोखरा महानगपालिका वडा नं. ६ लेकसाईड स्थित स्ट्रिट नम्बर ५ मा रहेको होटल मिराकलमा बन्धक बनाई राखेको अवस्थामा पीडित नावालिका भाग्न सफल भए पछि उहाँका आफन्तले उजुरी गरे पछि लम्जुङ साबिक भोजे बस्ने हाल पोखरा १६ सँगमटोल बस्ने वर्ष २२ की सरु बि.क. र पोखरा १३ आर्वाकी ३४ बर्षकी भगवती अधिकारीलाई प्रहरीले पक्राउ गरी कास्की जिल्ला अदालत कास्कीबाट मानव वेचविखन तथा ओसार पसार मुद्दामा (पाँच) ५ दिन म्याद थप गरी अनुसन्धान प्रकृया अगाडी बढाईएको जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी बशन्तकुमार शर्माले बताउनु भयो । पीडितको आमाले पीडितलाई बेचविखन गर्ने उद्देश्यले ललाई फकाई प्रलोभनमा पारी विवाहको नाटक गरी होटल कोठामा लगी बन्धक बनाई राखेका हुँदा कारवाही गरी पाँउ भनी मानव वेचविखन तथा ओसार पसार कसूरमा साउन २९ गते कार्यालयमा जाहेरी दरखास्त पेश गरेको उहाँले जनाउनु भयो । "तिमी दुःख पाउने केटी रहेछौ, हामीहरुले चाईनिज नागरीकलाई चिनेका छौ, तिमि उसँग विवाह गरेऊ भने तिम्रो भविश्य बन्छ" भनि विभिन्न किसिमबाट ललाई फकाई गरेर विश्वास दिलाई किशोरीलाई चाइनिज नागरिक चेनसंग आर्थिक लाभ लिई साउन १३ गते विवाह गराएको कास्की प्रहरीले जनाएको छ ।

## सेती नदी जलविद्युत् आयोजनाको 'वेट टेष्ट' सुभारम्भ

**पोखरापत्र संवाददाता**
पोखरा, ३० साउन

कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिकामा निर्माण गरिएको २५ मेगावाट क्षमताको सेती नदी जलविद्युत् आयोजनाको आज 'वेट टेष्ट' (पानी भरेर परीक्षण तथा टर्वाइन घुमाउने) कार्यको सुरुआत गरिएको छ ।

माछापुच्छ्रे गाउँपालिका-२ को सार्दिखोलाको भराभरीस्थित राजबगरमा रहेको आयोजनाको 'हेडवक्स' मा विधिवत् पूजा गरेर 'वेट टेष्ट' को औपचारिक सुरुआत गरिएको हो ।

भिजन लुम्बिनी ऊर्जा कम्पनीद्वारा प्रवर्द्धन गरिएको सेती नदी जलविद्युत् आयोजनाको निर्माण कार्य सकिएपछि बाँधस्थलबाट 'पेनस्टक पाइप'मा पानी पठाएर परीक्षण सुरु भएको हो । 'वेट टेष्ट'को कार्य तीन दिनभित्रमा पूरा हुने बताइन्छ । आयोजनाको सिभिल, हाइड्रोमेकानिकल तथा ट्रान्समिसन लाइन निर्माणको सम्पूर्ण काम सकिएपछि ड्राइ टेष्टपछि 'वेट टेष्ट' सुरु गरिएको आयोजनाका प्रबन्धक इञ्जिनियर लेखनाथ पाण्डेले जानकारी दिनुभयो । उहाँले आगामी दुई साताभित्रमा परीक्षण उत्पादन सुरु हुने जानकारी दिनुभयो । परियोजना प्रबन्धक पाण्डेले भन्नुभयो, "आयोजनाको स्ट्रक्चर र मेसिनरीतर्फको सबै काम सकेर आजदेखि 'वेट टेष्ट' सुरु गरेका छौँ । अबको दुई साताभित्रमा परीक्षण उत्पादन सुरु गर्छौं ।" सार्दिखोलाको भराभरीस्थित सेती नदीमा बाँध निर्माण गरेर सेतीको पेनस्टक पाइपमार्फत ल्याइएको छ । सो पानी छ हजार चार सय मिटर लामो भूमिगत पाइपमार्फत ल्याएर एक सय ८७ मिटर उचाइबाट चिन्तेबगरमा रहेको पावर हाउसमा खसालेर विद्युत् उत्पादन गरिनेछ । विद्युत्गृहमा रहेका १२ दशमलव पाँच मेगावाट क्षमताका दुई वटा टर्वाइनमा खसालिनेछ । सो आयोजना नदी जलप्रवाहमा आधारित छ । भिजन लुम्बिनी ऊर्जा कम्पनीका अध्यक्ष जगतबहादुर पोखरेलले आयोजना सम्पन्न गर्नका लागि स्थानीयवासी तथा स्थानीय सरकारलगायतबाट ठूलो सहयोग मिलेको बताउनुभयो । उहाँले स्थानीयवासीको सानो सानो पुँजी लगानीले आयोजना निर्माण भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "आयोजनाको निर्माण सकिएर 'वेट टेष्ट' सम्म आइपुग्दा अति नै खुसी भएका छौँ । आयोजना निर्माणमा ठूलो समस्या आएन । यो आयोजना गण्डकी प्रदेशसहित समग्र नेपालको जलविद्युत्का क्षेत्रमा महत्त्वपूर्ण परियोजना बन्नेछ ।" सेती नदी जलविद्युत् आयोजनामा रु पाँच अर्बभन्दा बढी लगानी भएको छ ।

यसमा तीन अर्ब ५० करोड विभिन्न बैंक तथा वित्तीय संस्थाले लगानी गरेका छन् । अन्य लगानी प्रवर्द्धक, स्थानीयवासी तथा आइपिओ जारी गरेर जुटाइएको हो । सेती नदी जलविद्युत् आयोजनाबाट उत्पादित बिजुली माछापुच्छ्रे गाउँपालिका-४ लाहाचोकमा रहेको नेपाल विद्युत् प्राधिकरणको सबस्टेसनमा जडान हुनेछ ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# लायन्स क्लब नेतृत्व विकास गर्ने संस्था हो : मन्त्री देवकोटा

पोखरापत्र संवाददाता
पोखरा, ३० साउन




लायन्स क्लब इनटरनेशनल डिस्ट्रिक्ट ३२५ जे नेपाल अन्तरगत रिजन १२ मा रहेका पाँच वटा क्लबको संयुक्त पदस्थापन तथा सपथ ग्रहण कार्यक्रम सम्पन्न भएको छ।

लायन्स क्लब अफ पोखरा लेखनाथ, लायन्स क्लब अफ पोखरा फेवा वेगनास चौतारी, लायन्स क्लब अफ पोखरा आरम्भ चौतारी, लायन्स क्लब अफ पोखरा उन्नति चौतारी र लायन्स क्लब अफ पोखरा भिजिटले संयुक्त पदस्थापन तथा सपथ ग्रहण कार्यक्रम आयोजना गरेका हुन् । गण्डकी प्रदेश सरकारका उर्जा, जलश्रोत तथा खानेपानी मन्त्री फणीन्द्र देवकोटाको प्रमुख आतिथ्यतामा पोखराको साइमन पार्टी प्यालेसमा आयोजित कार्यक्रममा महिला उद्यमी तथा समाजसेवी हेम कुमारी पुनलाई सम्मान अर्पण गरियो। समाजसेवा तथा महिला उद्यमीको क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै सम्मान गरिएको हो। कार्यक्रममा बोल्दै मन्त्री देवकोटाले लायन्स क्लब नेतृत्व विकास गर्ने संस्था रहेको बताए। कार्यकाल एकवर्षे हुने र नेतृत्व नदोहोरिने विशेषता भएको कारण यो गतिशील रहेको र सदस्यको स्तरवृद्धि गर्दै लैजाने विषयलाई राजनीतिक दलले समेत सिको गर्नुपर्ने बताए। राजनीतिमा सँधै एउटै व्यक्ति एउटै पदमा बसेर नेतृत्व विकासमा बाधक बन्ने गरेकोमा यसबाट शिक्षा दिलाउन लायन्सकर्मीले राजनीतिक नेतृत्वलाई झकझकाउने र खबरदारी गर्नु पर्नेमा जोड दिए । मन्त्री देवकोटाले लायन्सले सामाजिक कार्यमा गरेको योगदान तथा विपद्मा गरेको सहयोगको खुलेर प्रशंसा गरे । गण्डकी प्रदेश सरकारलाई मध्यावधिमा जान नदिनका लागि आफूले योगदान गर्दा मुद्दा खेपेर पदविहिन हुनुपरेको समेत गुनासो गरे । उपयुक्त कार्ययोजना लिएर आएको खण्डमा लायन्सले गर्ने कार्यक्रममा आवश्यकताको आधारमा सहयोग गर्ने वाचा समेत उनले गरे । लायन्स क्लब इनटरनेशनल डिस्ट्रिक्ट ३२५ जे नेपालका डिस्ट्रिक्ट गर्भनर तथा पदस्थापना अधिकृत मिलन थापाले वर्ष वर्ष २०२४-२०२५ का अध्यक्ष, पदाधिकारी र सदस्यको पदस्थापना गराइन् । पदस्थापना कार्यमा उनलाई सेकेन्ड भाइस डिस्ट्रिक्ट गर्भनर प्रजापति बाँस्तोलाले साथ दिए। डिस्ट्रिक्ट गर्भनर थापाले इन्टरनेसनल प्रेसिडेन्ट फ्याब्रीसियो एलिभेराको 'मेक योर मार्क' र आफूले अगाडि सारेको 'खुशी बाँडौ' थिमलाई ध्यान दिएर कार्यक्रम गर्नको लागि अनुरोध गरिन्। सो कार्यक्रममा वर्ष २०२३-२०२४ मा गरेका कामको प्रतिवेदन टिका बहादुर लम्साल, लिला तिमिल्सेना, ई.रविन सुवेदी र हिरामणि भुसालले प्रस्तुत गरे। वर्ष २०२४-२०२५ का अध्यक्ष ई. सागर भट्टराई, चित्र बहादुर गुरुङ, कृष्ण कुमारी कुँवर, अर्जुन भुजेल, हिरामणि भुसालले जिम्मेवारी प्राप्त गरे पश्चात गरेका काम तथा भावी योजना बारेमा अवगत गराए।

कार्यक्रममा डिस्ट्रिक्ट एसिस्टेन्ट चिफ एडभाइजर सन्तोष घिमिरे, पढाउ अभियानका चिफ घनश्याम ढुंगाना, रिजन १२ का रिजन चियर पर्सन तथा कार्यक्रम संयोजक मोहनराज आचार्य, जोन चियर पर्सन महेश्वर रिमाल र चेत बहादुर कुमाल, सम्मानित महिला उद्यमी हेम कुमारी पुन, डिस्ट्रिक्ट को चिफ ओरेन्टेसन राजाराम पौडेल लगायतले बोलेका थिए । कार्यक्रमको आर्कषणको रुपमा सांस्कृतिक प्रस्तुती समेत रहेको थियो। सोही कार्यक्रम मार्फत आयोजक क्लबहरुले डिस्ट्रिक्ट तथा इन्टरनेशनलका कार्यक्रमका लागि सहयोग हस्तान्तरण समेत गरेका थिए।

# हाइकिङको ५० औं श्रृङ्खलामा पर्यटन विकासमा हाइकिङको योगदानको चर्चा

पोखरापत्र संवाददाता
पोखरा, ३० साउन



हाइकर्स क्लब नेपालको आयोजना तथा पोखरा महानगरपालिका वडा नं. २३ को सहकार्यमा पर्यटन विकासमा हाइकिङको योगदानको चर्चा परिचर्चा कार्यक्रम तथा हाइकिङ भाग ५० शनिबार पोखरा २३ बाम्दी देखि तारेभिर हुँदै घाँटीछिनासम्म पदयात्रा गरी सम्पन्न भयो। कार्यक्रमका प्रमुख अतिथि पोखरा २३ का वडा अध्यक्ष रामकाजी गुरुङले कार्यक्रमको उद्घाटन गर्दै पर्यटन र स्वास्थ्यको लागि हाइकिङ भन्ने मूलनाराका साथ हरेक महिनाको अन्तिम शनिबार हाइकिङ कार्यक्रमले आन्तरिक पर्यटनमा ठुलो योगदान गरेको वताउँदै पोखरा २३ वडामा हाइकिङ समुह आउँदा यहाँका वासिन्दामा हौसला वढ्ने, उत्पादित कृषि तथा पशुको खपत बढ्ने वताएका थिए। उनले पोखरा २३ वडा सबैभन्दा ठुलो भौगोलिक क्षेत्र भएको, स्याङ्जा र पर्वत जिल्लाको सिमानासंग सिमाना गाँसिएको र पंचासे संरक्षित क्षेत्रमा पर्ने भएकोले पयर्टकको रोजाइमा पर्दै गएको पनि वताए। सो अवसरमा पोखरा पर्यटन परिषद्का उपाध्यक्ष एवं भिटोफ गण्डकीका संस्थापक अध्यक्ष पर्यटन व्यवसायी तारानाथ पहारीले फाट्टफुट्ट आकलझुकल हाइकिङ हुने गरको भएता निरन्तरको हाइकिङले अभियानको रुप लिएको वताए । सो अवसरमा ओम भण्डारी, सितला थापा, ममता पराजुली, दिलकुमारी खाँण लगाएतले हाइकिङमा सहभागि हुँदा एकआपसमा परिचीत हुनुका साथै ग्रामिण वस्ती, खेतीपाती, जडिबुटीको अध्ययन गर्न सकिने वताए । हाइकर्स क्लबका अध्यक्ष कृष्ण रानाभाटको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष ज्योति हमालले र संचालन सचिव मधु अधिकारीले गरेका थिए।

# सामुदायिक वनलाई समृद्धिसँग जोड्न जोड

पोखरापत्र संवाददाता
पोखरा, ३० साउन

जनताले संरक्षण, सम्वर्द्धन र विकास गरेको सामुदायिक वनलाई मुलुकको समृद्धिसंग जोड्नु पर्ने एक कार्यक्रमका वक्ताले जोड दिएका छन्।

वन विज्ञान अध्ययन संस्थामा अध्ययनरत विद्यार्थीको संस्था टेरा कन्जर्भेसन सोसाईटी द्धारा आयोजित सामुदायिक वन विषयक अन्तरसम्वाद कार्यक्रमका वक्ताहरुले प्राकृतिक श्रोतको उपयोग गर्नुपर्नेमा जोड दिएका हुन । स्वदेशी काठको सदुपयोग गर्दै विदेशी काठको आयातलाई विस्तावित गर्नुपर्नेमा जोड दिंदै कार्यक्रमका सहभागिहरुले सामुदायिक वन उपभोक्ताले संरक्षणमा पुऱ्याएको योगदान र वन प्राविधिकको ज्ञानलाई उपयोग गर्नुपर्ने आवश्यकता औल्याए।

वन क्षेत्रको काठ मात्र नभई महत्वपूर्ण जडिवुटी,वन्य जन्तु लगायत जैविविक विविधाको संरक्षण र उपयोग गर्दै रोजगार सिर्जना गर्दै आयआर्जनको माध्येम बनाउनु पर्ने सामुहिक धारणा रहेको थियो । गण्डकी प्रदेश वननिर्देशनालयका उपसचिव करुणा कार्कीले वन पैदावार उपयोगमा सर्वसुलभ नीति निर्माणमा प्रदेश सरकारले सक्दो प्रयास गर्दै आएको बताउँदै त्यसका लागि संघ सरकारको महत्वपूर्ण भूमिका रहने बताउनुभयो । सामुदायिक वनमा सस्थागत र सुशासनको पाटो कमजोर रहेको उल्लेख गर्दै उहाँले स्वदेशी काठ उपयोगमा सर्वसुलव नीति अवलम्वन गरि विदेशी काठ आयातलाई विस्तावित गनुपर्ने आवश्यकता औल्याउनुभयो। वन उद्यममा उत्पादिन उत्पादनको बजारिकण गर्नुपर्नेमा उहाँको जोडथियो।

सामुदायिक वन पउभोक्ता महासंघ गण्डकी प्रदेशका अध्यक्ष कालिदास सुवेदीले नेपाल विश्वसामु सामुदायिक वनको देशका रुपमा परिचित भएको बताउँदै यसको भरपुर उपयोगमा तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने बताउनुभयो। वन विभागको नयाँ तथ्याङ्क अनुसार हाल मुलुकमा २३ हजार २६ सामुदायिक वन समुहका ३१ लाख ९५ हजार ३९२ घरधुरीले २४ लाख २५ हजार ३९२ दशमलव ६० हेक्टर क्षेत्रफलको व्यवस्थापन गर्दै आएको जानकारी दिनुभयो । वन विज्ञान अध्ययन संस्थानका उपप्राध्यापक डा. लिला पुरीले सामुदायिक वनबाट मुलुक र उपभोक्ताले उपब्धिलिन नसकेको बताउँदै वन पैदावारलाई मुलुकको सम्वृद्धिको आधार बताउनु पर्ने आवश्यकता औल्याउनुभयो । पोखरा महानगरपालिका वडा नं. १५ वडा सदस्य बलराम पौडेलले हरियाली प्रवर्द्धनका लागि महानगरले एक घर दुई विरुवाको अवधारणा अघि बढाएको जानकारी दिनुभयो । प्राध्यापक विकास अधिकारीले सहजिकरण गर्नुभएको कार्यक्रममा टेरा कन्जर्भेसन सोसाईटीका अध्यक्ष अभिषेक चौधरी, प्रदिप सापकोटा लगायत विद्यार्थीले उत्सुक्ताका साथ सामुदायिक वनका सम्वन्धमा जानकारी दिनुभएको थियो।

# 'भैँसी ब्लक' कार्यक्रमले किसान पशुपालनतर्फ आकर्षित

पोखरापत्र संवाददाता
वालिङ, ३० साउन

स्याङ्जाको चापाकोटमा 'भैँसी ब्लक' कार्यक्रम सञ्चालन भएसँगै यहाँका किसान पशुपालनतर्फ आकर्षित भएका छन्।

भैँसी ब्लक कार्यक्रमले चापाकोट-८ मा रहेको रत्नपुर साना किसान कृषि सहकारी संस्थामा आबद्ध किसानको व्यावसायिक विकासका लागि सहयोग पुगेसँगै पशुपालनतर्फ आकर्षित भएका सहकारीका अध्यक्ष जीवन डोटेलले बताउनुभयो । "भैँसी ब्लक कार्यक्रमले परम्परागत रूपमा पशुपालन गर्दै आएका किसानको आनीबानी तथा व्यवहारमा परिवर्तन ल्याएको छ", उहाँले भन्नुभयो, "पशुका लागि दानापानी, घाँस, सामान्य औषधोपचार गर्ने तौरतरिकाका बारेमा ज्ञान पाएसँगै पशुपालनतर्फ आकर्षित हुनुभएको हो।"

भैँसी ब्लक कार्यक्रमबाट गोठलगायत पूर्वाधार निर्माण गरी यहाँका किसानले नयाँ पशु पनि थप गर्दै गएका छन् । भैँसी ब्लक कार्यक्रममा सहकारीमा आबद्ध ६१ जना किसान सहभागी हुनुभएको थियो । यहाँका ६१ किसानका नयाँ गोठ निर्माण, पुराना गोठ मर्मत, डुँड तथा भकारो सुधार, मलमूत्र व्यवस्थापन कार्य भैँसी ब्लकमार्फत सञ्चालन गरिएको थियो। "पुरानो तरिकाले बनाइएका गोठ तथा संरचनालाई आधुनिक र व्यवस्थित बनाइएको छ", उहाँले भन्नुभयो, "हिलो, माटोमा बस्ने भैँसी ओभानोमा बस्ने भएका छन्, डुँड निर्माण गरिएकाले घाँस र दानापानी दिन सजिलो भएको छ, थोरैले पनि पुग्छ।" भैँसी पाल्नका लागि संरचना आधुनिक तरिकाले निर्माण भएका छन् । पुराना संरचनालाई मर्मत तथा सुधार गरिएको छ। घाँसलाई काटेर स-सानो टुक्रा पारेर पशुलाई दिँदा खेर नजाने हुँदा घाँसको बचत भएको छ। दानापानीका लागि डुँड बनाइएकाले सहज भएको उहाँले बताउनुभयो।

भेटेरिनरी अस्पताल तथा पशुविज्ञ सेवा केन्द्रको साझेदारीमा गत आव २०८०/८१ मा भैँसी ब्लक कार्यक्रम सञ्चालन भएको हो । भैँसी ब्लक कार्यक्रम सञ्चालन भएपछि स्थानीयस्तरमा पहिलेदेखि नै पशुपालन गर्दै आएका किसान थप व्यावसायिक बन्दै गएको भेटेरिनरी अस्पताल तथा पशुविज्ञ सेवा केन्द्रका वरिष्ठ पशु चिकित्सक डा रुपेश श्रेष्ठले बताउनुभयो । किसानमा उत्प्रेरणा र प्रोत्साहन भएकाले पशुपालन आधुनिकीकरणसँगै थप व्यवस्थित एवम् व्यवसायितकतर्फ अगाडि बढ्दै गएको उहाँले बताउनुभयो। डा श्रेष्ठका अनुसार सहकारीमा आबद्ध चापाकोट-८ र ९ मा नयाँ गोठ निर्माण पाँच, गोठ मर्मत सुधार नौ, डुँड निर्माण भकारो सुधार ३३, मलमूत्र व्यवस्थापनसम्बन्धी १४ गरी कूल ६१ किसान लाभान्वित भएका हुन् । भैँसी ब्लक कार्यक्रममार्फत पशु आहार तालिम, पशु स्वास्थ्य शिविर, घाँसको बीउ वितरण र भिटामिन उपलब्ध गराइएको थियो।

# निषेधित प्लास्टिक झोला उत्पादन गर्नेलाई छ हजारसम्म जरिवाना

पोखरापत्र संवाददाता
तनहुँ, ३० साउन

तनहुँको व्यास नगरपालिकाले निषेधित प्लास्टिकजन्य झोलालगायत सामग्री प्रयोग गर्ने उपभोक्तादेखि बिक्रेता र उत्पादकसम्मलाईजरिवानाकोव्यवस्था गरेको छ।

वातावरणमैत्री नगरपालिका निर्माणका लागि दीर्घकालीन सोचका साथ प्रक्रिया अघि बढाइएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत काशीराम गैरेले जानकारी दिनुभयो। यहाँ प्रयोगकर्ताको सामान जफतगरी रु एक सय, बिक्रेतालाई रु पाँच सयदेखि एक हजारसम्म र उत्पादकलाई रु दुई हजारदेखि छ हजारसम्म जरिवानाको व्यवस्था गरेको उहाँले बताउनुभयो । यहाँ कुहिने फोहर व्यास-१०, गौ संरक्षण केन्द्रमा विसर्जन गरिएको छ भने नकुहिने फोहरलाई पुनःप्रयोगमा ल्याई बिक्रीवितरण गर्ने तयारी भइरहेको प्रमुख प्रशासकीय अधिकृत गैरेले बताउनुभयो। "विगत लामो समयदेखि समाधान हुन नसकेको फोहरको समस्याको स्थायी समाधानका लागि विज्ञद्वारा वर्गीकरण कार्य भइरहेको छ", उहाँले भन्नुभयो, "कुहिने र नकुहिने वस्तु वर्गीकरणगरी व्यवस्थापन गर्दै आएका छौँ । पुनःप्रयोगमा आउने सामग्री छुट्याइ बिक्रीमा पठाइने गरिएको छ। सिसाजन्य सामग्री अलग्गै सङ्कलन गरी कार्यालय परिसरबाट बिक्रीवितरणको व्यवस्था मिलाइएको छ।" नगरपालिकाले विसं २०८१ जेठ १ गतेदेखि प्लास्टिकका झोला, प्लेट, कपलगायतका हानिकारक प्लास्टिकजन्य वस्तुको प्रयोगलाई निषेधित गर्दै आएको नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो । वातावरणलाई स्वच्छ र सफा राख्न बनेको व्यासनगर प्लास्टिकजन्य वस्तुको प्रतिबन्ध गर्नेसम्बन्धी ऐन २०८१ र सोको कार्यविधिअनुरूप प्लास्टिकजन्य सामग्री प्रयोगमा निषेध गरिएको उहाँको भनाइ छ।

प्लास्टिक झोलाको सट्टामा वातावरणमैत्री कपडा, जुट वा कागजका झोला र कागजका कप, प्लेट वा दुनाटपरी वा जैविक पदार्थबाट बनेका वस्तु मात्र प्रयोग गर्न नगरपालिकाले अनुरोध गरेको छ । "व्यासनगर क्षेत्रभित्र निषेधित प्लास्टिक उत्पादन, बिक्रीवितरण वा प्रयोग गर्न प्रतिबन्ध गरिएको छ", नगरप्रमुख न्यौपानेले भन्नुभयो, "यदि ऐन नियमविपरीत गरेको पाइएमा जरिवानाको भागिदार बन्नुपर्नेछ।" फोहर व्यवस्थापनका लागि नगरपालिकाले जग्गा खरिद प्रक्रियासमेत अगाडि बढाएको जनाएको छ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# संक्रमणकालीन न्यायमा राष्ट्रिय सहमति

सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक (टीआरसी) मा देखिएको दलहरुबीचको राष्ट्रिय सहमति गरेर उदाहरणीय काम गरेका छन् । विधेयकलाई पीडितमैत्री बनाउन र निष्पक्ष न्याय दिने अवस्था सिर्जना गर्नका लागि लामो समय छलफल गरेका दलहरु टीआरसी विधेयक पारित भएपछि द्वन्द्वकालीन समयमा भएका घटनाहरुको सत्यतथ्य रुपमा खोजी हुने, पीडितहरुले सहयोगसहितको परिपूरण पाउने अवस्था सिर्जना हुनेमा विश्वस्त देखिन्छन् । विधेयकमाथिको छलफलमा भाग लिँदै बिहीबार प्रधानमन्त्री केपी शर्मा ओलीले कसैको करकापमा नपरी, पीडितमैत्री बनाएर 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग' तेस्रो संशोधन विधेयकलाई अघि बढाइएको बताए ।

समग्रमा शान्ति प्रक्रियाको बाँकी रहेको अध्यायलाई विश्वसनीय प्रक्रियाबाट पूरा गर्ने काम भएको देउवाको दावी होइन ऐतिहासिक उपलब्धिको हासिल भएको यथार्थ हो । नेकपा माओवादी केन्द्रका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपालको शान्ति प्रक्रिया विश्वकै नमूना रहेको बताए । संसारभर चल्ने युद्धहरू कि जीत कि हारमा परिणत हुने बताउँदै उनले नेपालको शान्ति प्रक्रिया विश्वकै अनुपम रहेको दाबी सत्य नजिक छ । 'नेपालको शान्ति प्रक्रिया विश्वकै नमूना हो । 'संसारभर नै चल्ने युद्ध कि त हारमा परिणत भएका छन्, कि त सम्पूर्ण रुपले जितमा । तर, नेपालको शान्ति प्रक्रिया विश्वकै अनुपम शान्ति प्रक्रियाका रुपमा छ । यो शान्तिका पक्षधरहरुका लागि खुशीको विषय हो ।'

प्रधानमन्त्री ओलीले ऐन बनिसकेपछि आयोगहरु निर्माण गरिने र आयोगलाई काम गर्न कानूनले अनुकूलता गरेको बताए । 'सरकारको तर्फबाट म भन्न चाहन्छु, सहमतिका साथ आयोगहरु बन्ने छन् । प्रभावकारी आयोग बन्ने छन्,' उनले भने, 'त्यसलाई सकारको तर्फबाट पूराका पूरा सहयोग हुन्छ ।' सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिको छानबिनसम्बन्धी दुवै प्रश्नमा सही निष्कर्षका साथ छोटो अवधिभित्र नेपालमा द्वन्द्वको अन्तिम किस्ता पनि व्यवस्थापन भइसक्यो भन्ने सन्देश दिन सफल बनिने प्रधानमन्त्रीको भनाइ छ । नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले शान्ति सम्झौता पछिका १८ वर्षको अवधिमा द्वन्द्वको अन्त्यदेखि संविधान कार्यान्वयनमा सफलता हासिल गरिए पनि शान्ति प्रक्रियाका बाँकी कार्यभारहरु पूरा गर्न नसक्दा अन्यौलता र पीडितको न्याय पाउने अधिकार कुण्ठित भइरहेको बताए ।

'शान्ति सम्झौता पछिका १८ वर्षको अवधिमा नेपालले सशस्त्र द्वन्द्वको अन्त्य, हतियारको व्यवस्थापन, सेना समायोजन, संविधानसभाको निर्वाचन, संविधानसभाबाट संविधान जारी, संविधानको कार्यान्वय गर्दै नेपालले मौलिक शैलीमा मुलुकलाई शान्तिको बाटोमा डोऱ्याउन सफल भयो,' विधेयक माथिको छलफलमा भाग लिँदै उनले भने, 'तर शान्ति प्रक्रियाका बाँकी कार्यभारहरु पूरा गर्न नसक्दा अन्योल एवं पीडितको न्याय पाउने अधिकार कुण्ठित भइरहेको थियो ।' जटिल कामहरू नेपालका राजनीतिक दलहरू आफैँ सम्पन्न गर्न सक्षम रहेका पनि छन । संसदमा पेश भएको संक्रमणकालीन न्यायसम्बन्धी विधेयकमा भएको राष्ट्रिय सहमतिले त्यसलाई सिद्ध गरेको छ । 'जटिल कामलाई नेपाली राजनीतिक दलहरू आफैँ सम्पन्न गर्न सक्षम छन् भन्ने सन्देश प्रवाह गर्न वर्तमान संक्रमणकालीन न्याय सम्बन्धी विधेयकमा भएको राष्ट्रिय सहमतिले सिद्ध गरेको छ ।

समग्रमा शान्ति प्रक्रियाको बाँकी रहेको अध्यायलाई विश्वसनीय प्रक्रियाबाट पूरा गर्ने काम भएको देउवाको दावी होइन ऐतिहासिक उपलब्धिको हासिल भएको यथार्थ हो । नेकपा माओवादी केन्द्रका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपालको शान्ति प्रक्रिया विश्वकै नमूना रहेको बताए । संसारभर चल्ने युद्धहरू कि जीत कि हारमा परिणत हुने बताउँदै उनले नेपालको शान्ति प्रक्रिया विश्वकै अनुपम रहेको दाबी सत्य नजिक छ । 'नेपालको शान्ति प्रक्रिया विश्वकै नमूना हो । 'संसारभर नै चल्ने युद्ध कि त हारमा परिणत भएका छन्, कि त सम्पूर्ण रुपले जितमा । तर, नेपालको शान्ति प्रक्रिया विश्वकै अनुपम शान्ति प्रक्रियाका रुपमा छ । यसलाई सबैले एउटै पुँजीको रुपमा लिन सक्नुपर्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : शुभ यात्रा |
| वृष | : मानसिक तनाब | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# तनहुँमा सिँचाइ सुविधा विस्तार

**पोखरापत्र संवाददाता**
दमौली, ३० साउन

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले गत आर्थिक वर्षमा ५० हेक्टरमा सिँचाइ सुविधा विस्तार गरेको छ। यो सँगै जिल्लामा छ हजार सात सय ३४ हेक्टरमा सिँचाइ सुविधा उपलब्ध भएको छ।

उक्त कार्यालयका प्रमुख प्रकाश लम्सालका अनुसार बन्दीपुर गाउँपालिका-४ स्थित देवीखोला खहरे सिँचाइ योजनाबाट ३० हेक्टर क्षेत्रमा सिँचाइ सुविधा विस्तार भएको छ । उक्त अवधिमा सिँचाइ कार्यक्रमतर्फ ५० हेक्टर र नदी नियन्त्रणतर्फ ३५ हेक्टर भूमि संरक्षण भएको छ। आव २०८०/८१ का लागि कार्यालयलाई रु पुँजीगततर्फ रु २५ करोड विनियोजन गरिएकामा रु २१ करोड खर्च भएको छ।

बजेट अभावमा हिमा नदी नियन्त्रण कुच्चे कुनाबाट मडापोल्ला हुँदै लाटादहसम्म, फाउदीखोला लिफ्ट सिँचाइ योजना भानु-८, खहरे लिफ्ट सिँचाइ योजना देवघाट, बन्दीछाप लिफ्टिङ सिँचाइ योजना भिमाद-२, शुक्लागण्डकी-७ र म्याग्दे-५ को सुन्तले मल्याङ मोटरेबल पुल दायाँबायाँ ग्याविङको योजना सञ्चालन हुन नसकेका उहाँले बताउनुभयो।

# बेवारिसे र विपन्नको दाहसंस्कार निःशुल्क

**पोखरापत्र संवाददाता**
दमौली

तनहुँको देवघाट क्षेत्र विकास समितिले बेवारिसे र विपन्नको दाहसंस्कार निःशुल्क गर्दै आएको छ।

दाहसंस्कार गर्न रकम अभाव हुने विपन्न र बेवारिसे शवको निःशुल्क दाहसंस्कार गर्दै आएको क्षेत्र विकास समितिले जनाएको छ । अन्यको हकमा भने दाहसंस्कार शुल्क रु चार हजार पाँच सय निर्धारण गरिएको समितिका कार्यकारी निर्देशक सदन बरालले जानकारी दिनुभयो । उहाँकानुसार देवघाटमा मासिक करिब १७ वटा बेवारिसे शवको दाहसंस्कार हुने गरेको छ।

तनहुँ, चितवन र नवलपुरबाट विपन्न व्यक्तिको दाहसंस्कार निःशुल्क गरिदिन सिफारिस आउने गरेको बरालले बताउनुभयो । उहाँले भन्नुभयो, "भरतपुर अस्पतालबाट बेवारिसे शव दाहसंस्कारका लागि यहाँ ल्याउने गरिएको छ। त्यस्ता शव दाहसंस्कारको सम्पूर्ण व्यवस्थापन समितिले गरिरहेको छ । यस्तै तीनवटै जिल्लाबाट विपन्नका लागि निःशुल्क दाहसंस्कार गर्न सिफारिससमेत आउने गरेका छन् ।"

देवघाटमा दैनिक सरदर सात वटा शवको दाहसंस्कार हुँदै आएको छ । समितिले दाहसंस्कारका लागि वनसँग दाउरा खरिद गर्ने गरेको छ।

यसैगरी समितिले देवघाट आश्रमका ज्येष्ठ नागरिकको मासिक रूपमा स्वास्थ्य परीक्षण गराउन थालेको छ। समितिद्वारा सञ्चालित आश्रमका ज्येष्ठ नागरिकलाई स्वास्थ्यमा समस्या नआओस् भनेर मासिक रूपमा परीक्षणको व्यवस्था मिलाएको कार्यकारी निर्देशक बरालले बताउनुभयो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मातहत रहेको समितिका लागि चालु आर्थिक वर्षमा रु ८७ लाख बजेट विनियोजन गरिएको छ। त्यसमध्ये पुँजीगततर्फ रु ५० लाख र चालुतर्फ रु ३७ लाख बजेट छ । समितिले पार्किङ, डुङ्गा सञ्चालन र व्यापारिक सटरबाट आन्तरिक आम्दानी गर्दै आएको छ।

# विपन्न बालबालिकालाई शैक्षिक सामग्री प्रदान

**पोखरापत्र संवाददाता**
पर्वत, ३० साउन

बेलायतमा बसोबास गर्ने पर्वतेलीहरूको संस्था पर्वत समाजले जिल्लाका एक सय ५९ जना विपन्न बालबालिकालाई शैक्षिक सामग्री प्रदान गरेको छ।

जलजला गाउँपालिकाको फर्से धाइरिङ माध्यमिक विद्यालय, कृष्णभवन धर्म मावि, शालिजा मावि र ग्रामप्रकाश मावि लेखफाँटका ४४ जना तथा दक्षिण पर्वतको विहादी गाउँपालिकामा रहेका विभिन्न विद्यालयका एक सय १५ जना विपन्न परिवारका बालबालिकालाई शैक्षिक सामग्री प्रदान गरिएको हो । विद्यालयले छनोट गरेका विद्यार्थीलाई स्टेशनरी, पोशाक, झोला वितरण गरिएको समाजका पूर्वअध्यक्ष दधि आचार्यले बताउनुभयो । मङ्गलबार आयोजित एक कार्यक्रममा ती सामग्री हस्तान्तरण गरिएको हो । त्यस अवसरमा गण्डकी प्रदेशसभा सदस्य रेखा गुरुङ, जलजला गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्य, बिहादी गाउँपालिका अध्यक्ष परबिन गुरुङलगायत उपस्थित हुनुहुन्थ्यो ।

# क्लब र दोहोरी साँझबाट बालिकाको उद्धार

**पोखरापत्र संवाददाता**
पोखरा, ३० साउन

पर्यटकीय राजधानी पोखरामा रात्रिकालीन व्यवसायमा काम गर्न लगाइएका सात जना बालिकालाई बुधबार उद्धार गरिएको छ।

जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, श्रम कार्यालय, पोखरा महानगरपालिका र शक्ति समूह नेपाल संस्थाको संयुक्त टोलीले ती बालिकालाई उद्धार गरेको हो। पोखरा महानगरपालिका-९ क्लब डिबाट तीन, पोखरा-८ स्थित गाउँसहर दोहोरी साँझबाट दुई र सोही स्थानमा रहेको साइनो दोहोरी साँझबाट दुई बालिकालाई उद्धार गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

स्थानीय प्रशासनले पोखरामा सञ्चालित रात्रिकालीन व्यवसायमा काम गर्न लगाइएका बालिकालाई उद्धार गर्दै आएको छ।

# साउनमा देवघाट मेलामा एक लाख भक्तजनले गरे स्नान

**पोखरापत्र संवाददाता**
तनहुँ, ३० साउन

प्रसिद्ध धार्मिकस्थल देवघाटमा यस वर्षको साउन महिनामा एक लाख ३० हजार भक्तजनले स्नान गरेका छन् । गत वर्षको तुलनामा यस वर्ष भक्तजनको सङ्ख्या घटेको देवघाट क्षेत्र विकास समितिले जनाएको छ।

अन्तिम सोमबारको उपस्थितिले भक्तजनको आवागमनमा वृद्धि गराएको समितिका कार्यकारी निर्देशक सदन बरालले जानकारी दिनुभयो। उहाँका अनुसार अन्य सोमबारको तुलनामा अन्तिम सोमबार एकै दिन करिब ५० हजारको हाराहारीमा भक्तजनको आवागमन भएको थियो।

हिन्दु धर्मप्रति आस्था राख्ने भक्तजनले साउनको महिनामा देवघाट आएर स्नान गर्दा मनोकाङ्क्षा पूरा हुने जनविश्वास रहेको पाइन्छ। शालिग्राम पाइने नदी भनेर देवघाटधामलाई चिनिन्छ।

मुस्ताङबाट आएको काली र गोसाइँकुण्डबाट आएको त्रिशूली नदीको सङ्गमस्थल भएकाले देवघाटधामलाई धार्मिक गन्तव्यका रूपमा लिने गरिन्छ। नदीको बहाव र मौसमलाई दृष्टिगत गर्दै नदी किनारमा नजान सतर्कता अपनाएका कारण यस वर्ष भक्तजनको उपस्थितिमा कमी आएको हुनसक्ने अनुमान समितिको रहेको छ। तुलनात्मक रूपमा पाँच सोमबार परेको वर्ष भक्तजनको सङ्ख्या बढी हुने गरे पनि यस वर्ष चार मात्रै सोमबार परेकाले धार्मिक आस्थाप्रति बढी विश्वास गर्नेहरू कम आएको हुनसक्ने उहाँले बताउनुभयो।

उहाँका अनुसार चितवनसहित गोरखा, लमजुङ, तनहुँ, कास्की, स्याङ्जा, पर्वत, धादिङ, बागलुङ, कपिलवस्तु, रुपन्देही, नवलपरासी, मकवानपुर, भारतलगायत स्थानबाट भक्तजन स्नानका लागि आएका थिए। "हरेक वर्ष मेलामा आउने भक्तजनको गुनासोलाई समितिले सम्बोधन गर्ने प्रयास गर्दै आएको छ", बरालले भन्नुभयो, "सुरक्षामा बढी ध्यान दिनुपर्ने हुँदा सुरक्षाका लागि आवश्यक जनशक्ति परिचालन गरिएको थियो।"


# श्रीपति बचत तथा ऋण सहकारी संस्था लि.

## पोखरा-९, कास्की

## तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सूचना

**सूचना प्रकाशित मिति : २०८१/०४/३१ पोखरापत्र राष्ट्रिय दैनिक**

यस श्रीपति बचत तथा ऋण सहकारी संस्था लि. बाट तपसिलमा उल्लेखित ऋणीहरुले यसै संस्थाबाट लिएको ऋण/कर्जाको समय समयमा तिर्नु, बुझाउनुपर्ने साँवा, ब्याज, विलम्ब शुल्क र अन्य दै दस्तुर यसै संस्थासँग गरेको सम्झौता बमोजिम नियमित रुपमा तिर्न बुझाउनको लागि पटक पटक मौखिक लिखित तर ताकेता गरिएकोमा हालसम्म पनि तिर्न बुझाउनुपर्ने रकम, साँवा, ब्याज लामो समयसम्म बुझाउन नआउनुभएको हुँदा संस्थाको कर्जा नियमावली र प्रचलित कानुन बमोजिम कानुनले दिएको अधिकार प्रयोग गरी संस्थाको नियम अनुसार लिलाम बिक्रीद्वारा असुल उपर गर्नका लागि यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। साथै धितो जग्गाले संस्थाको लेना रकम असुल उपर हुन नसकेमा थप धितो साथै जमानी दिनेको सम्पत्ती समेत रोक्का राखी असुल उपर गरिने हुँदा लेनादेना रकम चुक्ता/भुक्तानी गराई सम्पत्ति तथा इज्जतको उचित संरक्षण गर्न गराउनुहुन विशेष अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | ऋणीको नाम, थर र ठेगाना | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १. | ऋणीको नाम : हिरादेवी पोखेल<br>ठेगाना : सल्यान -६<br>पतिको नाम : विष्णु पोखेल पाध्या<br>ससुराको नाम : शशिधर पाध्या |  | जग्गाः साबिक फराकचौर-५, तनहुँ<br>कित्ता नं. : ४२१<br>क्षेत्रफल : ५०८/७४ व.मि. |
| २. | ऋणीको नाम : सुजन कुमार श्रेष्ठ<br>ठेगाना : पोखरा म.न.पा-८<br>बाबुको नाम : परशुराम श्रेष्ठ<br>बाजेको नाम : हर्क बहादुर श्रेष्ठ |  | जग्गाः साबिक फराकचौर-८, तनहुँ<br>कित्ता नं. : ५२५<br>क्षेत्रफल : १५८.९८ व.मि. |
| ३. | ऋणीको नाम : रामु बुढा<br>ठेगाना : पोखरा-२५<br>बाबुको नाम : निम प्रसाद बुढा<br>बाजेको नाम : थमलाल बुढा |  | जग्गाः साबिक ग्यारजाती -७, कास्की<br>हालः पोखरा -१८<br>कित्ता नं. : ८७९, ८८०<br>क्षेत्रफल : १५३, १५४.९९ व.मि. |
| ४. | ऋणीको नाम : गृ बहादुर परियार<br>ठेगाना : मनपाङ-१, तनहुँ<br>बाबुको नाम : लाल बहादुर परियार<br>बाजेको नाम : लक्ष्मण परियार |  | जग्गाः शु.न.पा-६, ढोरफिर्दी, तनहुँ<br>कित्ता नं. : १४५<br>क्षेत्रफल : १८०८.४१ व.मि. |
| | ऋणीको नाम : सरस्वती परियार<br>ठेगाना : खैरेनीटार-८, तनहुँ<br>पतिको नाम : गृ बहादुर परियार<br>ससुराको नाम : लाल बहादुर परियार |  | जग्गाः मनपाङ-१, तनहुँ<br>कित्ता नं. : ३०५<br>क्षेत्रफल : १९०.७८ व.मि. |
| ५. | ऋणीको नाम : मुक्ति ब. पाइजा<br>ठेगाना : बेनी न.पा-१<br>बाबुको नाम : चन्द्र बहादुर पाइजा<br>बाजेको नाम : रामभक्त पाइजा |  | जग्गाःसाबिकढिकुरपोखरी-५,कास्की<br>कित्ता नं. : ७३३<br>क्षेत्रफल : ३०१०.६३ व.मि. |
| | ऋणीको नाम : अनिता पाइजा<br>ठेगाना : पाल्लेखेत-४, म्याग्दी<br>पतिको नाम : मुक्ति बहादुर पाइजा<br>ससुराको नाम : चन्द्र बहादुर पाइजा |  | |
| | ऋणीको नाम : सुनिता श्रेष्ठ<br>ठेगाना : नाग्लीवाङ-३, पर्वत<br>पतिको नाम : दल बहादुर श्रेष्ठ<br>बाबुको नाम : जीवन कुमार श्रेष्ठ |  | |
| ६. | ऋणीको नाम : नसिमा नेशा<br>ठेगाना : गोलागन्ज-९, बारा<br>बाबुको नाम : लालबाबु मिया चुरिहार |  | जग्गाः गोलागन्ज-९, बारा<br>कित्ता नं. : ७६१<br>क्षेत्रफल : ०-१-०-१३ |

# पर्वतमा कृषि र पशुपालनतर्फ १७ करोड बढी बजेट

**पोखरापत्र संवाददाता**
पर्वत, ३० साउन

चालु आर्थिक वर्षमा पर्वतमा कृषि र पशुपालनका क्षेत्रमा रु १७ करोड भन्दा बढी बजेट खर्च हुने भएको छ । कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत चालु आवमा कृषि उत्पादकत्व वृद्धि र प्रवर्द्धन तथा व्यावसायिक पशुपालनका क्षेत्रमा रु १७ करोड १९ लाख ८५ हजार बजेट खर्च हुने भएको हो ।

खाद्यान्न, फलफूल, सागसब्जी, तेलहन, दलहन उत्पादन गरी जिल्लालाई आत्मनिर्भर बनाउनुका साथै निर्यात गरी किसानको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले चालु आवमा कृषि र पशुपालनमा बजेट केन्द्रित गरिएको ज्ञान केन्द्रका प्रमुख परशुराम अधिकारीले बताउनुभयो । पशुपालनतर्फ पनि दूध, घ्यू, माछा मासु, अण्डामा जिल्लालाई आत्मनिर्भर बनाई निर्यात बढाउने उद्देश्यले बजेट छुट्याएर कार्यक्रम बनाइएको पशु सेवा विज्ञ केन्द्रले जनाएको छ ।

गण्डकी प्रदेश सरकारअन्तर्गत रहेका कृषि ज्ञान केन्द्रमार्फत रु पाँच करोड ८२ लाख, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमार्फत रु चार करोड १५ लाख र सङ्घीय सरकारअन्तर्गतको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाइमार्फत रु सात करोड २२ लाख ८५ हजार बजेट प्राप्त भएको छ । परियोजनाका केही कार्यक्रम छिमेकी जिल्ला बागलुङ र गुल्मीमासमेत सञ्चालन हुने भएका छन् । ज्ञान केन्द्रले गत वर्षदेखि सञ्चालनमा ल्याएको खायन आलु उत्पादन तथा प्रवर्द्धन कार्यक्रम सफल भएपछि चालु आवमा पनि निरन्तरता दिइएको केन्द्रका प्रमुख अधिकारीले जानकारी दिनुभयो । आलुखेती प्रवर्द्धन गर्न रु एक करोड ४७ लाख विनियोजन गरिएको छ । कार्यालयका अनुसार तरकारी बाली प्रवर्द्धन आयोजनाका लागि रु १२ लाख ५० हजार, पोषण सुरक्षा कार्यक्रमका लागि रु २० लाख विनियोजन गरिएको छ । जलवायुमैत्री प्रविधि प्रवर्द्धन कार्यक्रमका लागि रु १० लाख, बीउ उत्पादन प्रवर्द्धनतर्फ रु १२ लाख ५० हजार, मसला तथा निर्यातयोग्य बाली प्रवर्द्धनतर्फ रु १० लाख र रैथाने बाली प्रवर्द्धन आयोजनाका लागि रु नौ लाख ५० हजार विनियोजन गरिएको छ । खाद्यान्नबाली प्रवर्द्धन आयोजनातर्फ रु २६ लाख, ६० हजार, सुन्तला जात फलफूल विकास आयोजनाका लागि रु एक करोड १८ लाख विनियोजन गरिएको छ । पर्वतबाट सबैभन्दा बढी निर्यात हुने फलफूलमा सुन्तला रहेकाले यसको खेती विस्तारलाई जोड दिइएको केन्द्रले जनाएको छ ।

भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले पशुपालन किसासलाई लक्षित गरेर चालु आवमा विविध कार्यक्रम निर्धारण गरिएको कार्यालय प्रमुख पुष्पराज बाँस्तोलाले जानकारी दिनुभयो । उहाँका अनुसार पर्वत दूध र माछा, मासुमा आत्मनिर्भर बनिसकेको छ भने अण्डा पनि केही मात्रामा आयात हुने गरेको छ । चालु आर्थिक वर्षमा पशुमा पूर्ण खोप कार्यक्रमतार्फ रु ९८ लाख छुट्याइएको छ । उत्पादनमा आधारित अनुदान कार्यक्रमका लागि रु २० लाख, पशु विकास प्रवर्द्धनतर्फ रु ५० लाख, पशु तथा मत्स्य व्यवसाय प्रवर्द्धनतर्फ रु एक करोड १३ लाख ५० हजार, पशु स्वास्थ्य कार्यक्रमतर्फ रु ३५ लाख ३० हजार, किसानको क्षमता अभिवृद्धितर्फ रु सात लाख, पशु आहारा प्रवर्द्धनका लागि रु छ लाख र स्थानीय पशुपक्षी संरक्षण कार्यक्रमका लागि रु १० लाख विनियोजन गरिएको कार्यालय प्रमुख बाँस्तोलाले जानकारी दिनुभयो । प्रधानमन्त्री कृषि आधुनिकिरण परियोजना कार्यान्वयन इकाइमार्फत पर्वतमा मकै, धान, तरकारी र सुन्तलाखेतीको प्रवर्द्धन गर्न विभिन्न योजनमा बजेट खर्च गरिने भएको छ ।

विगत आठ वर्षदेखि जिल्लामा सञ्चालित योजना तथा परियोजनाले सुरुमा मकैबालीको प्रवर्द्धनमा लगानी गरेको थियो । अहिले मकैको बीउको स्रोत केन्द्रनै पर्वत बनेको छ । जिल्लाको फलेवास, महाशिला र विहादी गाउँपालिकामा मकैको मूल बीउ उत्पादन गरी निर्यात हुन थालेको छ । त्यसैगरी पोखरेली जेठोबुढो धान उत्पादन र यसको स्रोत बीउ उत्पादनमा अहिले सक्रिय बनेको छ । गत आर्थिक वर्षमा पर्वतबाट पोखरेली जेठो बुढो धानको १२ मेट्रिक टन बीउ निर्यात भएको थियो भने पोखरेली जेठो बढो धान ३० मेट्रिकटन निर्यात भएको थियो ।

चालु आवमा विनियोजित बजेट वितरणमुखी भन्दा पनि दीर्घकालीन योजनालाई जोड दिइएको छ । यस वर्ष दुईवटा चिस्यान केन्द्र (कोल्ड रुम) स्थापनाका लागि रु ३५ लाख ५० हजार विनियोजन गरिएको छ भने सिँचाइ पूर्वाधार निर्माण तथा मर्मततर्फ रु ३० लाख विनियोजना गरिएको छ । त्यसैगरी चक्लाबन्दीमा आधारित फलफूल बगैँचा व्यवस्थापन, बीउ उत्पादन, मसिना धान प्रवर्द्धन, प्याकेजिङ लेभलिङ तथा क्षति न्यूनीकरण कार्यक्रमका लागि बजेटलाई प्राथमिकता दिइएको परियोजनाका निमित्त प्रमुख नारायण पौडेलले जानकारी दिनुभयो । सिँचाइ पूर्वाधार निर्माण गर्न यसवर्ष रु ७५ लाख, प्लास्टिक घर निर्माण गर्न रु ३५ लाख, तरकारी जोनका लागि रु १० लाख ३० हजार, उद्यमशील कार्यक्रमतर्फ अनुदान रु ४० लाख, व्यावसायिक प्याज प्रवर्द्धन गर्न रु आठ लाख ५० हजार विनियोजन भएको पौडेलले बताउनुभयो ।

तीनवटै कार्यालयले वार्षिक बजेट तथा कार्यक्रम एक समारोहकाबीच सार्वजनिक गर्दै विनियोजित बजेटबारे जानकारी दिएका थिए । पर्वतमा गत आर्थिक वर्षमा स्थानीय तहसमेत गरी रु २० करोड ८१ लख ५५ हजार खर्च भएको थियो । गत आवमा नगरपालिका र स्थानीय तहबाट रु नौ करोड ४६ लाख ६४ हजार बजेट विनियोजन भएको थियो ।

# अहिलेसम्म विपद्बाट दुई सय ११ को मृत्यु, बागमती र गण्डकीमा बढी क्षति

**रासस**
काठमाडौं, ३० साउन

नेपालमा मनसुनपछिको पछिल्लो दुई महिनामा मनसुनजन्यसहित सबै खालका विपद्बाट दुई सय ११ जनाको मृत्यु भएको छ ।

कुल ४८ जना बेपत्ता रहेका छन् भने एक सय ४३ जना घाइते भएका राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जानकारी दिएको छ । गत जेठ २८ पछि मनसुनयन्य घटनाबाट एक सय ७० जना र अन्य विपद्बाट ४१ जनाको मृत्यु भएको प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराईले जानकारी दिनुभयो । उहाँका अनुसार अन्य विपद्मा आगलागी, सर्पदंश, लेक लाग्नु, जनावर आक्रमणलगायत घटना समावेश छ । नेपालमा यस वर्ष गत जेठ २८ मा मनसुन भित्रिएको थियो ।

प्रवक्ता भट्टराईका अनुसार यसपाली सबैभन्दा बढी क्षति बागमती र गण्डकी प्रदेशले बेहोरेको छ । बागमती र गण्डकी प्रदेश दुवैमा ५८/५८ जनाको मृत्यु भएको छ । यसैगरी, कोशी प्रदेशमा २६, मधेश प्रदेशमा सात, लुम्बिनी प्रदेशमा ३९, कर्णालीमा नौ र सुदूरश्चिममा १४ जनाको मृत्यु भएको प्राधिकरणले सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ । यो अवधिमा एक हजार तीन सय ३३ घटना भएकामा तीन हजार ६ सय ४७ परिवार प्रभावित भएका छन् । चार सय पाँचवटा घटना भएको कोशीमा सबैभन्दा बढी एक हजार दुई सय १२ परिवार प्रभावित भएका जनाइएको छ । यस्तै, मधेशमा पाँच सय १३, बागमतीमा चार सय ७१, गण्डकीमा चार सय ३७, लुम्बिनीमा तीन सय २६, कर्णालीमा दुई सय ४० र सुदूरपश्चिममा चार सय ४८ परिवार प्रभावित भएको प्राधिकरणले जनाएको छ । प्राप्त विवरणअनुसार कोशीमा दुई, बागमतीमा ४०, गण्डकीमा तीन, लुम्बिनीमा दुई र कर्णालीमा एकजना बेपत्ता रहेका छन् । अघिल्लो वर्षभन्दा बढी यस वर्ष मानवीय क्षति हो । अघिल्लो वर्ष सोही अवधिमा विपद्जन्य घटनामा ७२ जनाको मृत्यु भएको थियो । पूर्वतयारी, खोज उद्धार तथा सूचना प्रवाहमा समन्वयात्मक रूपमा काम भएको प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले जानकारी दिनुभयो । यस वर्ष औषतभन्दा बढी पानी पर्ने पूर्वानुमान नै वर्षा भइरहेको छ ।

# ‘डेङ्गीलाई सामान्य रुपले नसोचौँ’

**रामबहादुर थापा**
तनहुँ, ३० साउन/रासस

यही साउन १० गते तनहुँको व्यास नगरपालिकाका-७ का ४८ वर्षीय पुरुषको डेङ्गी सङ्क्रमणबाट निधन भयो । यसको दुईसातापछि गत शनिबार हल्दीबारी गाउँपालिका-३ झापाकी ४२ वर्षीया शिक्षिकाले डेङ्गीकै कारण ज्यान गुमाउनुपर्‍यो । स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका अनुसार गत वर्ष नेपालमा डेङ्गी सङ्क्रमणबाट २० जनाको मृत्यु भएको थियो ।

यस वर्षपनि गत असारयता डेङ्गी सङ्क्रमण बद्र्दै गएको छ । ७३ जिल्लामा डेङ्गीको सङ्क्रमण फैलिएको महाशाखाले जनाएको छ । गण्डकी प्रदेशका जिल्ला पनि यसबाट अछुतो छैनन् । तनहुँ, कास्कीलगायत जिल्ला डेङ्गी सङ्क्रमणबाट बढी प्रभावित छन् । प्रदेश स्वास्थ्य निर्देशनालयको तथ्याङ्क अनुसार गत आइतबारसम्म गण्डकीका दस जिल्लामा गरि १३ सय जनाभन्दा बढीमा डेङ्गीको सङ्क्रमण पुष्टि भएको छ । मुस्ताङबाहेक प्रदेशका सबै जिल्लामा डेङ्गीको सङ्क्रमण पुष्टि भएको निर्देशनालयका सूचना अधिकारी नवराज शर्माले जानकारी दिनुभयो । उक्त अवधिसम्ममा सबैभन्दा बढी तनहुँमा पाँच सय ५२ जनामा डेङ्गीको सङ्क्रमण देखिएको थियो । तनहुँपछि कास्की डेङ्गीबाट बढी प्रभावित देखिन्छ । गत बुधबार मात्र कास्कीमा ४० जना डेङ्गी सङ्क्रमित भेटिएका थिए । गत आइतबारसम्मको तथ्याङ्कअनुसार गोरखामा एक सय ११, बागलुङमा ८६, पर्वतमा ६६, लमजुङमा ५५, म्याग्दीमा ४१, स्याङ्जामा ३६, नवलपुरमा ११ र मनाङमा मात्र एक जनामा डेङ्गीको सङ्क्रमण पुष्टि भएको छ । गत जुलाई महिनामा छ सय ४३ जना सङ्क्रमित भेटिएकामा अगष्टको दोस्रो साता नबित्दै पाँच सयभन्दा बढीमा डेङ्गीको सङ्क्रमण पुष्टि भएको निर्देशनालयले जनाएको छ ।

गत जनवरीमा ७० जनामा डेङ्गीको सङ्क्रमण भएकामा त्यसयता घट्दै आएर जुन महिनामा ८७ बाट पुनः सङ्क्रमितको संख्या थपिँदै आएको हो । पछिल्लो दुई महिनामा डेङ्गी सङ्क्रमणको दरलाई हेर्दा आगामी दिनमा सङ्क्रमणको जोखिम थप तीव्र हुने देखिएको जिल्ला स्वास्थ्य कार्यालय कास्कीका प्रमुख रामबहादुर नेपालीले बताउनुभयो ।

उहाँका अनुसार असारदेखि कात्तिकसम्म डेङ्गीको सङ्क्रमण बढी फैलने गर्छ । समयमा जोखिम न्यूनीकरण र नियन्त्रण गर्न नसके डेङ्गीले महामारीको रुप लिन सक्ने प्रमुख नेपालीले बताउनुभयो । “डेङ्गीलाई सामान्य रुपले नसोचौँ, यसका अप्रिय उदाहरण हामीसँग छन्”, उहाँले भन्नुभयो, “डेङ्गी भइसकेपछि अचाक्ली पीडा र दर्द हुन्छ, उपचार र हेरचाह पुगेन भने स्वास्थ्य अवस्था जटिल बन्दै गएर बिरामीको मृत्युसमेत हुनसक्छ ।” उहाँले पछिल्लो समय प्रदेश राजधानी पोखरामा डेङ्गी तीव्र रूपमा फैलिएको बताउनुभयो । डेङ्गी रोकथाम र नियन्त्रणका लागि सबै पक्ष सचेत र जिम्मेवार हुनुपर्ने प्रमुख नेपालीको भनाइ छ । यस रोगबाट बच्न लामखुट्टको टोकाइबाट बच्नु सबैभन्दा उत्तम उपाय भएको प्रमुख नेपालीले बताउनुभयो । चार प्रकारको भाइरसबाट मानिसमा डेङ्गी सङ्क्रमण हुने गरेको उहाँले बताउनुभयो । धवलागिरि अस्पतालका प्रमुख चिकित्सक रविरञ्जन प्रधानले डेङ्गी सङ्क्रमण हुँदैमा आत्तिहाल्नु चाहिँ नपर्ने बताउनुभयो । डेङ्गी सङ्क्रमणपछि बान्ता भइरहने, नाकबाट रगत आउने, कालो दिसा हुने, थकान जस्ता लक्षण देखिए चिकित्सकको विशेष निगरानीमा उपचार गर्नुपर्ने उहाँको भनाइ छ । डेङ्गी भएमा आराम गर्ने, पानीलगायत झोलिलो प्रसस्त पदार्थ पिउने र जथाभावी औषधि सेवन गर्न नहुने प्रमुख चिकित्सक प्रधानले बताउनुभयो । गर्भवती र बालबालिकामा डेङ्गीको सङ्क्रमण भएमा स्वास्थ्यमा जटिलता निम्तन सक्ने खतरा हुने उहाँको भनाइ छ । “अधिकांश सङ्क्रमित सामान्य उपचारपछि निको हुन्छन्, कतिपयमा डेङ्गीले जटिलता ल्याउन सक्छ, सामान्य रोग हो भन्ने सोचेर लापरबाही गरेमा ज्यानै जोखिममा पर्न सक्छ”, उहाँले भन्नुभयो । डेङ्गीबाट बच्ने उत्तम उपाय लामखुट्टेको टोकाइबाट बच्नु रहेको प्रमुख चिकित्सक प्रधानले बताउनुभयो । डेङ्गी सार्ने ‘एडिस एजिप्टाई’ जातको पोथी लामखुट्टे जमेको सफा पानीमा बस्ने हुँदा घर, कार्यालय र सार्वजनिकस्थलमा पानी जम्न दिन नहुने उहाँको भनाइ छ । डेङ्गीको फाइरस फैलाउने लामखुट्टे खाल्डाखुल्डी, पुराना टायर, ड्रम आदिमा जम्मा भएको सफा पानीमा बस्ने हुँदा तिनलाई खाली गनुपर्ने प्रमुख चिकित्सक प्रधानले बताउनुभयो ।

उक्त लामखुट्टले जम्मा भएको सफा पानीमा फुल पार्ने र लार्भा जन्माउने गरेको पोखरा महानगरपालिकाको स्वास्थ्य शाखाका जनस्वास्थ्य निरीक्षक राजेन्द्र रेग्मीले बताउनुभयो । “डेङ्गी नियन्त्रणको प्रभावकारी उपाय भनेको घर वरपरि पानी जम्न नदिनु हो, यो लामखुट्टे जमेको सफा पानीमा बस्छ र दिउँसोमा मात्र मानिसलाई टोक्छ”, उहाँले भन्नुभयो । डेङ्गीको शङ्का लागेमा तुरुन्त परीक्षण गरी र आवश्यकता अनुसार उपचार सुरु गर्नुपर्ने जनस्वास्थ्य निरीक्षक पाण्डेले बताउनुभयो । डेङ्गीको सङ्क्रमणपछि एक्कासी उच्च ज्वरो आउने, रक्तस्राव हुने, टाउको, शरीर दुख्नेजस्ता लक्षण देखा पर्ने गरेको उहाँको भनाइ छ । स्वास्थ्य शाखाले लामखुट्टेको टोकाइबाट बच्न, घर वरिपरि पानी जम्ने ड्रम, खाली बट्टा, पुराना टायर, भाँडाकुँडा नराख्न र शरीर ढोक्ने गरी लुगा लगाउन सर्वसाधारणमा अनुरोध गरेको छ । महानगरसहित यहाँका स्थानीय तहले डेङ्गीको सङ्क्रमण रोकथामका लागि लामखुट्टेको बासस्थान नष्ट गर्ने अभियान सुरु गरेका छन् ।


HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं. २५९७९

## हकदावी सम्बन्धि सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको र नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | GLI0610003146 | राजेश कुमार पौडेल | ढिकुरपोखरी-८, कास्की |
| २ | GLI 0610004159 | रेवती देवी पौडेल | ढिकुरपोखरी-८, कास्की |
| ३ | GLI0610011505 | पुजा पौडेल | कास्कीकोट-९, कास्की |



## धितोमा रहेको जग्गा डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८१/०४/३१ पोखरापत्र राष्ट्रिय दैनिक**

यस संस्थाको कार्यालय पोखरा- ५ प्रस्याङबाट व्यक्तिगत कर्जा लिनु भएका तपशिलका ऋणी सदस्यले उपभोग कर्जाको साँवा तथा व्याज समेत नतिरी नबुझाई लिखित बमोजिम कर्जा सम्बन्धी शर्त उल्लङ्घन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत तिर्नु पर्ने कर्जाको रकम चुक्ता गर्ने तर्फ कुनै चासो पहल नगर्नु भएकोले तपशिल बमोजिमको ऋणीलाई कर्जा चुक्ता गर्न आउनको लागि पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा २०८१/०३/२१ गते कर्जा चुक्ता गर्ने ३५ (पैतीस) दिने सूचना प्रकाशित गर्दा समेत ऋणीले कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो धितोमा रहेको जग्गा लिलामको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उल्लेखित ३५ दिन भित्र कर्जा चुक्ता नगरेमा संस्थालाई लेखिदिएको धितो चल अचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, प्रचलित सहकारी मापदण्ड तथा संस्थाको विनियम समेतले लिएको अधिकार प्रयोग गरी सूचना प्रकाशित भएको मितिले ३६ औं दिन धितो जग्गा लिलाम डाँक बढाबढ गरिने हुँदा इच्छुक व्यक्ति/संस्था तथा सबैमा जानकारीका लागि यो जरुरी सूचना प्रकाशन गरिएको छ । तपसिलमा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा संस्था आफैले सकार गर्दा समेत संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरी लिएमा धितो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुर उपर नभई बाँकी रहेमा ऋणी लगायत कर्जाको व्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पत्तिबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइएको छ ।

| ऋणी विवरण | धितो विवरण |
|---|---|
| ऋणीको नामः कलिला मिया<br>स्थायी ठेगानाः पुतलीबजार -३, स्याङ्जा<br>नागरिकता नं.: ४२३०६२/२६४<br>हालको ठेगानाः पोखरा-४, कास्की<br>पतिको नामः सुल्तान मिया<br>ससुराको नामः करिम बकस मिया  | धितोको विवरणः कास्की जिल्ला पोखरा महानगरपालिका वड नं.-४, कित्ता नं. १४, क्षेत्रफलः ९०.७२ वर्ग मिटर |

**धितो लिलाम सम्बन्धी शर्तहरु :**

१. संस्थाको तर्फबाट धितो लिलाम बिक्रीको सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र ऋणी वा जमानीबाट सम्पूर्ण कर्जा चुक्ता हुन नसकेमा ३६ औं दिनको १:०० बजेदेखि यस संस्थाको कार्यालय पोखरा-५, कास्कीमा लिलाम डाँक बढाबढ सम्बन्धी कार्यक्रम हुनेछ । उक्त दिन बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिन लिलाम बढाबढ हुनेछ ।
२. धितो लिलाम डाँक बढाबढमा कम्तीमा ३ (तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनुपर्नेछ ।
३. धितो डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तीमा १० (दश) प्रतिशतले हुने नगद रकम धरौटी बापत त्यसै दिन संस्थामा जम्मा गर्नुपर्नेछ ।
४. लिलाम सकार गर्न व्यक्ति/संस्थाले लिलाम सदर भएको ७ (सात) दिन भित्र बाँकी रकम बुझाउनुपर्नेछ । बुझाउनुपर्ने बाँकी रकम तोकिएको मितिमा बुझाउन नसकेमा जम्मा भएको धरौटी रकम स्वतः जफत हुनेछ । लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाइने छैन ।
५. डाँक बढाबढको सुरुवात अंक चल अचल सम्पत्तिको न्यूनतम तथा पंचकृत मूल्याङ्कनबाट सुरुवात गरिनेछ ।
६. धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ऋणीले संस्थालाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
७. लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजस्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजस्व कर, दस्तुर एवं अन्य भैपरी खर्च धितो जग्गा स्विकार गर्ने बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८. धितो सम्पत्ति लिलाम बढाबढमा कसैले नसकारेमा संस्था आफैले सकार गर्न सक्नेछ ।
९. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरु ऋणी स्वयंको ज्येथाले व्यहोर्नु पर्नेछ । डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार यसै संस्थामा सुरक्षित रहनेछ ।
१०. अन्य थप जानकारीका लागि संस्थाको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**बगैंचा बचत तथा ऋण सहकारी संस्था लि.**
**Bagaincha saving & credit co-operative ltd.**
पोखरा-५, कास्की, नेपाल
फोन नं.: ०६१-४१९१२४, ४१९१८०